नेपाल सरकार

# कृषि, वन तथा पर्यावरण मन्त्रालय

## कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन महाशाखा

फोन नं.: ४२११८३९, ४२११८०८, ४२११९३२, ४२११८५५, ४२११८८७, ४२११९१५, ४२११९४०

फ्याक्स नं.: ४२११९३५

सिंहदरबार, काठमाडौं

नेपाल

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

पत्र.संख्या.: २०८२/०८३

च.नं.: व्य. प्र. ६५८

मिति: २०८३/०३/०१

श्री नेपाल चामल, तेल, दाल उत्पादक संघ,

टेकु, काठमाण्डौ ।

विषय: चैते धानको न्यूनतम समर्थन मूल्य कार्यान्वयन सम्वन्धमा।

प्रस्तुत विषयमा चालु आर्थिक वर्ष २०८२/८३ को लागि चैते धानको न्यूनतम समर्थन मूल्य, नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८२/१२/२४ को निर्णयबाट निर्धारण भएकोमा नेपाली धानले सस्तो भारतीय धानसंगको प्रतिस्पर्धा, चिस्यानको समस्याले भण्डारण गर्न नसकिएको कारण निर्धारण भएको मूल्य कार्यान्वयनमा सहजता नभएको गुनासो विभिन्न माध्यमहरुबाट यस मन्त्रालयमा प्राप्त भएको छ। नेपालको सन्दर्भमा धान प्रमुख खाद्यान्न वाली भएको र खाद्य सुरक्षामा महत्वपूर्ण स्थान रहेको छ। नेपाली बजारमा चामलको मागलाई आपूर्ति गर्नको लागि बर्षे धानले मात्र नपुग्ने भएकोले आयात गरी आपुर्ति भैरहेको सन्दर्भमा हाल सिंचाई र बजार सुविधाका कारण कृषकहरु चैते धान खेतितर्फ आकर्षित भएका छन र बार्षिक ७ लाख टन धान उत्पादन भईरहेको छ । साथै कृषि, वन तथा पर्यावरण मन्त्रालयले चैते धानको क्षेत्रफल विस्तारका कार्यक्रमहरु तथा उपयुक्त Warehouse र Dryer उद्योगहरु स्थापनाका लागि समन्वय र सहजिकरणको कार्यक्रमहरु उच्च प्राथमिकतामा राख्दै आईरहेको छ। चैते धान खेतीलाई बढावा दिनको लागि उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयले पनि सिंचित क्षेत्र विस्तारका कार्यक्रमहरु संचालन गरिरहेकोले पनि चैते धानको क्षेत्रफल र उत्पादन बृद्धि भएको छ। नेपाल सरकारले बालीहरुको मूल्य निर्धारण गर्दा उत्पादन लागतलाई आधार मान्ने गरेको र चैते धानको सन्दर्भमा नेपाल सरकारले मूल्य निर्धारण गर्दा १८% चिस्यानलाई न्यूनतम मापदण्ड कायम गरेकोमा चैते धान भित्र्याउदा बर्षात् सिजन हुने भएकोले कृषकले न्यूनतम मापदण्ड कायम गरी भण्डारण गर्न नसक्ने र बर्षे धान खेतीका लागि समेत पैसा आवश्यक हुने हुँदा कम मूल्यमा सिजनमै विक्री गर्न बाध्य हुने गरेका छन। तसर्थ नेपाललाई खाद्यान्नमा आत्मनिर्भर बनाउन चैते धान खेतीलाई संरक्षण र विस्तार गर्नुपर्ने र सोको लागि कृषकको लागत र न्यूनतम मूनाफा सुनिश्चित हुनुपर्ने सन्दर्भमा यस आ.ब. को लागि नेपाल सरकारवाट निर्धारित चैते धान्नको न्यूनतम समर्थन मूल्य कार्यान्वयन गरी कृषकको संरक्षण गर्न सबै सरकारी तथा निजि क्षेत्रहरुको दायित्व भएकोले नेपाल सरकारवाट निर्धारित मूल्यमा धान खरिद गरी कृषकको संरक्षणमा आवश्यक समन्वय गरिदिनुहुन अनुरोध छ।

............

ई.जगन्नाथ तिवारी

(सहसचिव)

सादर अवगतार्थ

माननीय मन्त्रीज्यू, कृषि, वन तथा पर्यावरण मन्त्रालय ।

श्रीमान सचिवज्यू, कृषि, वन तथा पर्यावरण मन्त्रालय।

Scanned with CamScanner